# पशुपतिनाथमा साधुसन्तको रौनक



महाशिवरात्रिका अवसरमा विभिन्न क्षेत्रबाट आएका साधुसन्तहरू । पशुपतिनाथ मन्दिर क्षेत्रमा साधुसन्त र भक्तजनको उपस्थिति र चहलपहलले थप रौनक बढाएको छ । छिमेकी देश भारत, बंगलादेश तथा नेपालका विभिन्न स्थानबाट साधुसन्त पशुपति क्षेत्रमा आएको पशुपति क्षेत्र विकास कोषले जनाएको छ ।

# दरबन्दीअनुसार कर्मचारी नहुँदा कार्यसम्पादनमा समस्या

**डम्बर बोहरा/हिटा**

बैतडी, १४ फागुन

बैतडीको गोठालापानीस्थित खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयमा कर्मचारीको अभाव छ । कार्यक्षेत्र बैतडी र दार्चुला रहेको खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयमा दरबन्दीअनुसार कर्मचारी नहुँदा सेवा प्रवाहमा समस्या भएको हो ।

एकजना कार्यालय सहयोगीसहित चारजनाको दरबन्दी भए पनि खाद्य अनुसन्धान अधिकृत र कार्यालय सहयोगीमात्रै रहेको कार्यालय प्रमुख ललित कठायतले जानकारी दिनुभयो । दुईजना सुब्बास्तरका प्राविधिक सहायकको दरबन्दी रिक्त रहेको उहाँले बताउनुभयो ।

बजार अनुगमन, नमुना संकलन, खाद्य उद्योगको नवीकरण, नयाँ सिफारिसलगायतका काम गर्दै आएकोमा दरबन्दीअनुसार कर्मचारी पदपूर्ति नहुँदा समस्या हुने गरेको कार्यालयले जनाएको छ । डेढ वर्षअघि एकजना प्राविधिक सहायकको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय धनगढीमा काज सरुवा भएको थियो ।

खाद्य अनुसन्धान अधिकृत र कार्यालय सहयोगीको भरमा कार्यालय सञ्चालन हुँदै आएको छ । दरबन्दीअनुसार कर्मचारी नहुँदा बजार अनुगमनमा समस्या हुने गरेको खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयका प्रमुख कठायतले बताउनुभयो । 'कार्यालयलाई बैतडी र दार्चुलाको जिम्मेवारी दिइएको छ । कर्मचारी ममात्रै छु । दरबन्दीअनुसार कर्मचारी पदपूर्ति नहुँदा समस्या हुने गरेको छ,' प्रमुख कडायतले भन्नुभयो, 'कहिलेकाहीँ कार्यालय बन्द नै गरेर अनुगमनमा जानुपर्ने अवस्था छ ।'

कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गत रहेको सो कार्यालय बैतडीमा २०७५ सालमा स्थापना भएको थियो । सो कार्यालयको आफ्नै भवन पनि छैन । अहिलेसम्म भाडाकै भवनबाट कार्यालय सञ्चालनमा रहेको छ ।

# टहराबाट सुरु गरेको स्कुल सुविधासम्पन्न भवनसम्म

**रामचन्द्र रायमाझी/हिटा**

पाल्पा, १४ फागुन

निजी विद्यालयका रूपमा सञ्चालित पाल्पाको प्यारागन इंग्लिस बोर्डिङ स्कुल २५ वर्षे यात्रामा अगाडि बढेको छ । व्यावहारिक, जीवनोपयोगी, वैज्ञानिक र नैतिक मूल्य बोध गराउने शिक्षाको मान्यता राखी पाँचकोठे टहराबाट २०५३ सालमा स्थापना भएको स्कुल रजत वर्षमा आइपुग्दा सुविधासम्पन्न पक्की भवनबाट पठनपाठन गराउँदै आएको छ । ८७ जना विद्यार्थीहरू राखेर पठनपाठन सुरु गरेको विद्यालयमा हाल ३०८ जना विद्यार्थीहरू अध्ययनरत छन् । शैक्षिक व्यक्तित्व अनिलकुमार रनपालको नेतृत्वमा स्थापना भएको स्कुल




तत्कालीन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कृष्णप्रसाद बस्यालको घरमा कार्यालय सञ्चालन गरी उहाँकै खाली जग्गामा पाँचकोठे टहरा निर्माण गरी कक्षा सञ्चालन गरिएको थियो ।

२०६१ सम्म विभिन्न व्यक्तिहरूको घर भाडामा लिई सञ्चालन हुँदै आएको स्कुल देशमा आएको राजनीतिक उतारचढावसँगै विचलनको अवस्थामा पुगेको थियो । स्कुल विचलनका कारण धरासयी अवस्थामा पुग्दा १६ जना विद्यार्थीमात्र अध्ययनरत रहे । तर, २०६६ मा आएर केही व्यक्तिहरूको सक्रियतामा पाल्पा प्यारागन इंग्लिस बोर्डिङ स्कुलको नामबाट नयाँ व्यवस्थापनका साथ सञ्चालनमा ल्याइयो । स्कुललाई नयाँ व्यवस्थापनका साथ सञ्चालन गर्न चन्द्रबहादुर नेपाली, रामबहादुर बयम्बु, दिपक गुभाजू, ताराबहादुर कुँवर, वर्तमान अध्यक्ष जगदीशप्रसाद भट्टराई, हालका प्रिन्सिपल गंगाबहादुर खत्रीलगायतका व्यक्तित्वहरूको महत्त्वपूर्ण योगदान रहेको छ । विभिन्न कालखण्डमा आरोह, अवरोहहरूको सामना गर्दै आएको प्यारागनले २५ वर्षको यात्रामा आफूलाई पश्चिम क्षेत्रकै प्रतिष्ठित र उत्कृष्ट शैक्षिक संस्थाका रूपमा पहिचान बनाउन सफल भएको छ । त्यसबेला धेरैले विश्वास नगरेको विषय थियो पाल्पामा निजी स्कुल भोलि राष्ट्रियस्तरमा प्रतिष्ठित र उत्कृष्ट शिक्षा दिने प्यारागन स्कुलका रूपमा खडा हुनेछ तर धेरैको आँकलनलाई गलत साबित गर्दै प्यारागनले आफ्नो २५ वर्षे यात्रा तय गरेको हो । स्कुलले रजत जयन्ती मनाएसँगै 'स्वर्णतिरको यात्रा' तय गरेको छ ।

तल्कालीन समयमा अंग्रेजी माध्यममा पढ्न चाहनेहरूका लागि पर्याप्त विद्यालयहरू थिएनन् । निजी शैक्षिक संस्थाका रूपमा सीमित स्कुलहरू त खुलेका थिए तर तिनले समयसापेक्ष शिक्षालाई अगाडि बढाउन सकेका थिएनन् । त्यही परिवेशमा स्थापना भएको प्यारागनलाई शैक्षिक विकासको आधारशिला मान्न सकिन्छ । प्यारागन स्थापनापछि निजी क्षेत्रबाट थुप्रै स्कुलहरू खुले । दुई दशक लामो यात्रामा प्यारागनले राष्ट्रिय, अन्तर्राष्ट्रियस्तरका पुरस्कारहरूसमेत हात पाऱ्यो । उसले विद्यार्थीहरूलाई किताबी ज्ञानमा मात्र सीमित नराखी विभिन्न अतिरिक्त क्रियाकलापमा समेत अब्बल बनाएको छ । प्रयोगात्मक शिक्षालाई अंगाल्दै अगाडि बढेको स्कुलले राष्ट्रिय, अन्तर्राष्ट्रियस्तरका विभिन्न खेलकुदमा विद्यार्थीहरूलाई सहभागी बनाएको छ । यहाँका विद्यार्थीहरू राष्ट्रिय, अन्तर्राष्ट्रियस्तरमा सहभागीमात्रै हैन विभिन्न पदकहरूसमेत हात पार्न सफल भएका छन् । एसइईको परीक्षामा यहाँका विद्यार्थीहरूले उत्कृष्ट नतिजा दिन सफल भएका छन् । विभिन्न पुरस्कार र सम्मानबाट पनि स्कुलको २५ वर्षे यात्रा सफल र अब्बल भएको प्रष्ट हुन्छ । निजीस्तरका स्कुलहरू सञ्चालनमा थ्रुपै चुनौती भए पनि प्यारागनले आफूलाई स्वर्णतिरको यात्रामा अगाडि बढाएको छ । सरकारीस्तरबाट होस् वा राजनीतिकस्तरबाट नै किन नहोस् उपेक्षामा परेका कयौं निजी शैक्षिक संस्थाहरू बन्द भएको अवस्थामा प्यारागनले रजत जयन्ती मनाउनुलाई कम आँकलन गर्न सकिँदैन । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जगदीशप्रसाद भट्टराईले स्कुल भौतिकरूपमा सुविधासम्पन्न बन्दै गएको र आगामी दिनमा समयसापेक्ष शिक्षा प्रदान गर्दै जाने बताउनुभयो । भट्टराईले स्कुलले रजत जयन्तीमात्र होइन स्वर्ण जयन्तीसमेत भव्यरूपमा मनाउने बताउनुभयो । विद्यालयका प्रिन्सिपल गंगाबहादुर खत्रीले सबैको सहयोग र साथका कारण नै स्कुलले रजत जयन्ती मनाउन सफल भएको बताउनुभयो ।

# इलामको चिया उद्योगमा आगलागी

**प्रकाश नेपाल/इलाम ।** इलामको जस्बिरेमा सञ्चालनमा रहेको जस्बिरे चिया प्रशोधन उद्योगमा आगलागी भएको छ । आगलागीबाट उद्योगका सबै मेसिन, तयारी चिया र भवन पूरै नष्ट भएको हो । मंगलबार राती अचानक उद्योगमा आगो लागेको र नियन्त्रणभन्दा बाहिर गएको थियो । आगो के कारणले लाग्यो भन्ने खुल्न सकेको छैन । इलाम नगरपालिका र स्थानीयले आगो नियन्त्रणको प्रयास गरे पनि उद्योग पूर्णरूपमा जलेपछि मात्र नियन्त्रणमा आएको थियो ।

चिया उद्योगका सञ्चालक शरद सुब्बा केही महिनाअघि काठमाडौंमा आयोजित 'नेपाल टी च्यालेन्ज २०२४' मा नेपालका चिया उत्पादकहरूको प्रतिस्पर्धामा नेपालकै 'बेस्ट टी मेकर' घोषित हुनुभएको थियो । उद्योगमा 'स्पेसल टी'मात्रै उत्पादन हुन्थ्यो ।

यहाँ ३५ भन्दा बढी प्रकारका अर्गानिक अर्थोडक्स चिया उत्पादन हुने गरेको थियो । यहाँ उत्पादित चिया नेदरल्याण्ड, अमेरिका, डेनमार्क, फ्रान्सलगायत देशमा निर्यात हुन्थ्यो भने माग धान्न नसकिएको सुब्बाले बताउनुभएको थियो । उद्योगले वार्षिक ३० हजार किलोसम्म तयारी चिया उत्पादन गर्ने गरेको थियो ।

## Bariyarpatti Rural Municipality
## Office of the Rural Municipal Executive
### Bariyarpatti, Siraha
### Madhesh Province, Nepal

## Invitation for Bids (E-Bidding)

**Date of Publication: 2081/11/15**

Bariyarpatti Rural Municipality, Bariyarpatti, siraha invites electronic bids from eligible bidders under National Competitive Bidding procedures for the Construction work mentioned below:

| S. N. | Contract Id No. | Description of work | Total Estimated Amount (with VAT and Without Contingency) NRs. | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | BRM/18/ 2081/082 | पक्की सडक निर्माण कार्य नरगी मूल सडक (बहुबर्षीय) बरियारपट्टी-०१, नरगी मूल सडक (बहुबर्षीय) | 9743565.44 | 245,000/- | 3,000/- | for detail notice Scan QR |
| 2 | BRM/19/ 2081/082 | पक्की सडक निर्माण कार्य शिवनगर चौपुतरा देखि मा.वि. स्कुल सम्म (बहुबर्षीय) बरियारपट्टी-३ | 9744072.86 | 245,000/- | 3,000/- | |

Eligible Bidders may obtain bidding documents electronically at the website of Public Procurement Monitoring Office egp system: ***www.bolpatra.gov.np/egp***. For further details, please contact to Bariyarpatti Rural Municipality Office. For Detail Notice Visit our Website ***www.bariyarpattimun.gov.np***

**Chief Administrative Officer**

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation
***People's Embankment Programme, field office no.2***
Jaleshwar, Mahottari

## Invitation for Bids

**First Date of Publication: 2081/11/15 (27th Feb, 2025)**

People's Embankment Programme, field office no. 2, Jaleshwar, Mahottari invites electronic bids from eligible bidders for the following works:

**National Competitive Bidding, Single-Stage Two Envelope procedures:**

| Contract Identification No | Description of Works | Minimum required Average Annual Construction Turnover of the best three years within the last ten fiscal years (Millions NRs.) | Minimum work experience of Similar size & nature over past 10 years: One Project of Value (Millions NRs.) | Bid Security (NRs.) | Bid Documents fee (NRs.) |
|---|---|---|---|---|---|
| PEP2/WORKS/NCB-04/081-082 | Construction of Earthen Embankment with Launching & Revetment Work, Sonma Ga.Pa.- 02, Mahottari | 42.62 | 11.37 | 8,35,000 | 5,000 |
| PEP2/WORKS/NCB-05/081-082 | Construction of Earthen Embankment with Launching & Revetment Work, Gaushala Na.Pa.-02, Mahottari | 43.98 | 11.73 | 8,65,000 | 5,000 |
| PEP2/WORKS/NCB-06/081-082 | Construction of Earthen Embankment with Launching & Revetment Work, Balba Na.Pa.-4, 10, Mahottari | 28.17 | 7.52 | 5,55,000 | 5,000 |
| PEP2/WORKS/NCB-07/081-082 | Construction of Earthen Embankment with Launching & Revetment Work, Bhangaha Na.Pa.-02, Mahottari | 27.84 | 7.43 | 5,46,000 | 5,000 |

**National Competitive Bidding, Single Envelope procedures:**

| Contract Identification No | Description of Works | Estimated Amount (Excluding VAT and Contingency) (NRs.) | Bid Security (NRs.) | Bid Documents fee (NRs.) |
|---|---|---|---|---|
| PEP2/WORKS/NCB-08/081-082 | Construction of Earthen Embankment with Launching & Revetment Work, Bardibas Na.Pa.-09, Mahottari | 1,26,08,761.17 | 3,75,000 | 3,000 |
| PEP2/WORKS/NCB-09/081-082 | Construction of Earthen Embankment with Launching & Revetment Work, Loharpatti Na.Pa.-01, Mahottari | 88,18,137.63 | 2,60,000 | 3,000 |
| PEP2/WORKS/NCB-10/081-082 | Construction of Earthen Embankment with Launching & Revetment Work, Loharpatti Na.Pa.-03, Mahottari | 1,19,04,787.55 | 3,50,000 | 3,000 |

1. Bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 30th March 2025, 12:00 hrs and bid shall be opened on the same date at 13:00 hrs. Pre-bid meeting shall be held at Jaleshwar office premises at 13:00 hrs on 20th March 2025. Bids must be valid for a period of 90 days after bid opening and bid security must be valid for 30 days beyond the bid validity period.

| Name of Bank | Name of Office | Office Account Number | |
|---|---|---|---|
| | | For Bid Fee | For Bid Security |
| Rashtriya Banijya Bank, Jaleshwar, Mahottari | People's Embankment Programme, field office no.2, Mahottari (Code: 308031801) | Revenue Code: 14229 | Ko.Le.Ni.Ka. Dharauti Khata: 1270100102030000 |

2. Eligible Bidders may obtain further information about the bidding procedures at aforementioned office, Tel: +977-44 520470 or 9854032775 or may visit PPMO website www.bolpatra.gov.np/egp
3. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain unchanged.

**Office Chief**

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८१/११/१५ गते**

यस कम्पनीको मिति २०८१/११/०५ मा सम्पन्न साधारण सभा/विशेष साधारण सभाको निर्णयानुसार साविकको कम्पनी **नेपाल एक्सप्लोर समिट ट्रेक्स (प्रा.लि.नं. ११६५२४/०७०/०७१)** को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नें पर्ने कर, दायित्व आदि परिवर्तिन नामको कम्पनीले सकार्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/११/११ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **नेस्ट एड्भेन्चर प्रा.लि. (प्रा.लि. नं. ११६५२४/०८१/०८२)** कायम गरिएको जानकारी गराईन्छ ।

CMYK